**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०४** **संख्याः ०३** **मितिः २०८०/११/१७**

**भाग–१**
**गुराँस गाउँपालिका**

## कृषि तथा पशुपन्छी विकास कृषि अनुदान सम्बन्धी कार्यक्रमको नियमन तथा व्यवस्था गर्न बनेको विधेयक, २०८०

गाउँसभामा पेश मिति २०८०/१०/१५
गाउँसभाबाट पारित मिति २०८०/११/११
प्रमाणीकरण मिति २०८०/११/१५

**प्रस्तावनाः** नेपालको संविधानले प्रदान गरेको किसान र समग्र खाद्य सम्बन्धी हकको सुनिश्चितता गर्न र कृषि प्रणालीमा सुशासन कायम गर्न, कृषिको दिगोपनाका लागि पर्यावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन हुनेगरी कृषि प्रणालीको व्यावसायीकरणका माध्यमबाट खाद्यान्नमा आत्मनिर्भरता र किसानको आर्थिक सुधार गर्न गुराँस गाउँपालिका क्षेत्रभित्र कृषि उत्पादनको प्रशोधन, भण्डारण, व्यवस्थापन, पशु स्वास्थ्य, पशु अधिकार, चरन क्षेत्रको विकास, कृषि प्रसार, कृषि सडक, साना सिंचाई लगायत कृषि कार्यक्रमको सञ्चालन व्यवस्थापन र सोको नियमन गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गुराँस गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "कृषि तथा पुशपन्छी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "गाउँसभा" भन्नाले गुराँस गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले गुराँस गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले गुराँस गाउँपालिका उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) "कृषि" भन्नाले जिवन धान्न र विकास बृद्धिका लागि आवश्यक खाना रेशा, जैविक उर्जाजडीबुटी र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरिने विरुवा, पशुपन्छी र ढुसी (च्याउ जात) को खेती वा पशुपालन र प्रजनन सम्बन्धी सम्पुर्ण कार्य सम्झनुपर्छ

(च) "कृषि सेवा केन्द्र" कृषि प्रसार सेवालाई प्रभावकारी रुपमा सेवा दिनका लागि कृषि तथा पशुपन्छी विकास शाखाको मातहतमा स्थापना भएको कृषि तथा पशुसेवा केन्द्र सम्झनुपर्छ ।

(छ) "खेतियोग्य जमिन" भन्नाले अन्वाली, दलहन, फलफुल, तरकारी, पशुपालन, डालेघाँस एवं जडिबुटीको खेति गरिएको निजि जमिन वा सरकारले खेति गर्न योग्य भनी छुट्याएको वा नछुट्याएको खाली जमिन वा नदी उकास खेति योग्य जमिनलाई सम्झनुपर्छ ।

(ज) "कृषक" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जिविकोपार्जन गर्ने व्यक्ति सम्झनुपर्छ । सो शब्दले निजमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा निजमा आश्रित परिवारका सदस्य समेतलाई सम्झनुपर्छ ।

(झ) "कृषक समूह" भन्नाले गुराँस गाउँपालिका भित्र तथा सोझदारी स्वामित्वमा रही नेपाल सरकारको कुनैपनि निकायमा विधिवत रुपमा दर्ता भएको कृषि तथा पशुपालन कार्यमा संलग्न सक्रिय किसानहरुको समूहलाई सम्झनुपर्छ ।







(ञ) "कृषि सहकारी" भन्नाले गुराँस गाउँपालका भित्रका तथा साविकमा डिभिजन सहकारी कार्यालयमा दर्ता भई हाल गुराँस गाउँ कार्यपालिकाको कार्यालयमा विधिवत रुपमा दर्ता भएका सक्रिय कृषि सहकारीलाई सम्झनुपर्छ ।

(ट) "कृषि तथा पशुपालन फर्म" भन्नाले गुराँस गाउँपालिका भित्रका एकल वा साझेदारी स्वामित्वमा रही नेपाल सरकारको कुनै पनि आधिकारीक निकायमा विधिवत रुपमा दर्ता भएका कृषि तथा पशुपालन कार्यमा सक्रिय रहेका फर्म सम्झनुपर्छ ।

(ठ) "पकेट क्षेत्र" भन्नाले कुनै कृषि तथा पशुपन्छी पालन व्यवसायलाई सञ्चालन गर्न सम्भाव्यताको आधारमा निर्धारण गरिएको साना व्यवसायीक क्षेत्रलाई सम्झनुपर्छ ।

(ड) "ब्लक क्षेत्र" भन्नाले गाउँपालिकाको आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा कृषि र पशुपन्छीजन्य ठुला व्यवसायीक उत्पादन क्षेत्रलाई सम्झनुपर्छ ।

(ढ) "कृषि स्रोत व्यक्ति" भन्नाले कृषि सम्बन्धी व्यवसाय, कृषि सामाग्री आपुर्ति वा कृषि प्रसारमा संलग्न ग्रामीण कृषि कार्यकर्ता, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, कृषि तथा पशुपन्छी सम्बन्धी अध्ययन गरेका, कृषि तथा पशुपन्छी क्षेत्रमा तालिम लिएका, नर्सरी धनी, एग्रोभेट सञ्चालन, कृषि तथा पशुपंक्षी सेवाबाट सेवा निबृत्त कर्मचारी लगाएत कृषि उद्यमीहरुलाई प्राविधिक सेवा दिनसक्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(ण) "आणुवांशिक स्रोत" भन्नाले पशुपन्छी पालनको दृष्टिकोणले महत्वपुर्ण स्थानीय पशुपन्छी तथा घाँसका जातलाई सम्झनुपर्छ ।

(त) "जैविक पदार्थ" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जिवाणू वा विषाणुयुक्त खोप वा जैविक रसायनलाई सम्झनुपर्छ ।

(थ) "निकासीकर्ता" भन्नाले यस गाउँपालिकाबाट कृषि, पशु वा पशुजन्य पदार्थ निकासी गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

(द) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावरलाई सम्झनुपर्छ । यो शब्दले पन्छी तथा माछालाई समेत जनाउँदछ ।

(ध) "पशु उत्पादन सामाग्री" भन्नाले पशु स्वास्थ्य कृत्रिम गर्भाधान तथा जैविक पदार्थ उत्पादनमा प्रयोग हुने प्रशोधित सामाग्रीलाई सम्झनुपर्छ ।

(न) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दुध, हाड, छाला, सिङ, खुर, प्वाँख, उन, भुत्ला, भुर्ण, विर्य, ग्रन्थि, मलमुत्र तथा सोबाट बनाएको अप्रसोधित सामाग्रीलाई सम्झनुपर्छ ।

(प) "पैठारीकर्ता" भन्नाले गाउँपालिकाबाट वा बाहिरबाट कृषि तथा पशुजन्य पदार्थ सामाग्री पैठारी गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(फ) "महामारी रोग" भन्नाले पशुपन्छीबाट पशुपन्छीमा तथा मानिसमा समेत छिटो छिटो सर्ने खालको रोगहरु र समय समयमा गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरिने रोगहरुलाई सम्झनुपर्छ ।

(ब) "काञ्जि हाउस" भन्नाले छाडा छाडेका पशुहरुलाई पाल्नको लागि निर्माण गरेको ठाउँलाई सम्झनुपर्छ ।

(भ) "कृषि बजार" भन्नाले विभिन्न माध्यमबाट कृषि उपजको ग्रेडिङ, प्याकेजिङ, ढुवानी भण्डारण, वितरण तथा कृषि उपजको बिक्रि वितरण गर्ने कृषि बजारलाई सम्झनुपर्छ ।

(म) "खाद्य वस्तु" भन्नाले जैविक स्रोतबाट प्रास्त सांस्कृतिक स्वीकार्य प्रशोधित, अप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनुपर्छ। सो शब्दले त्यस्तो बस्तुको तयारी, प्रशोधन तथा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउँदछ ।

(य) "खाद्य सम्प्रभुता" भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकारलाई सम्झनुपर्छ,-

(१) कृषि सम्बन्धी कानून निर्माणमा सहभागी हुने,

(२) खाद्य उत्पादन तथा वितरण प्रणालीसँग सम्बन्धित कुनैपनि व्यवसाय रोज्न पाउने,

(३) कृषियोग्य भूमि, श्रम, बिउबिजन, प्रविधि तथा औजारको छनौट गर्ने,

(४) कृषि व्यावसायको विश्वव्यापीकरण तथा व्यावसायीकरणको प्रभावबाट मुक्त रहने ।

(र) "खाद्य सुरक्षा" भन्नाले सक्रिय र स्वस्थ मानव जिवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँचलाई जनाउँदछ।

(ल) "भूमिहिन" भन्नाले कृषि पेशामा आश्रित भई आफ्नो वा आफ्नो परिवारको नाममा नेपाल भर दर्ता वा वेदर्ता जमिन नभई यस गुराँस गाउँपालिकाले तयार गरेको अभिलेखमा भूमिहिनका रुपमा नाम समावेश भएका व्यक्ति सम्झनुपर्छ ।







(व) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा बिक्रि गर्ने उद्देश्यले छोटो समयका लागि कृषि उपज संकलन गरेर बिक्रेतालाई बिक्रि गर्ने संकलन केन्द्रलाई सम्झनुपर्छ ।

(श) "हाट बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्रि गर्ने उदेश्यले स्थानीय तहबाट स्वीकृति लिई सञ्चालन भएको हाटबजारलाई सम्झनुपर्छ ।

(ष) "चिस्यान केन्द्र" भन्नाले कृषिजन्य उपजहरु बिउबिजन प्रयोजन वा लामो समयपछि बिक्रि वितरण प्रयोजनका लागि किसानले उत्पादन गरेको कृषिजन्य उपज राख्ने ठाउँलाई सम्झनुपर्छ ।

(भ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनको नियम, नियमावली, कार्यविधिमा तोकिए वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२

## किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्त र नीतिहरू

**३. किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्त**: (१) यस गुराँस गाउँपालिकाले किसान र कृषि क्षेत्रका सम्बन्धमा देहाय बमोजिमका मार्गनिर्देशक सिद्धान्तहरुको अवलम्बन गर्नेछ :-

(क) यस गाउँपालिकामा रहेका कृषि तथा खाद्य सम्बन्धी परम्परागत तथा पर्यावरणमैत्री नविनतम् ज्ञान, सिप तथा प्रथाजनित सांस्कृतिक अभ्यास र पर्यावरणमैत्री कृषि प्रणालीको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

(ख) कृषि क्षेत्र तथा कृषि भुमिमा कृषक र भूमिहिन किसानहरुको समेत पहुँच र स्वामित्व सुनिश्चित गरी न्यायपुर्ण आर्थिक अवस्थाको सिर्जना गरिनेछ।

(ग) नागरिकहरुको लागि खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार सुनिश्चित गरिनेछ ।

**४. किसान र कृषि सम्बन्धी नीति**: (१) यस गाउँपालिकाको किसान र कृषि सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा अबलम्बन गरिने नीति देहाय बमोजिम हुनेछः-

(क) किसानको कृषि तथा पशुपन्छी पालनसम्बन्धी रैथाने तथा परम्परागत ज्ञान र खाद्य संस्कृति, कृषिजन्य जैविक विविधता, पर्यावरणीय प्रणाली र प्राराङ्गारीक एवं दिगो कृषि विधिमा आधारित आत्मनिर्भर र खाद्य सम्प्रभुतालाई सम्मान गर्ने किसिमको दिगो कृषि प्रणालीलाई प्राथमिकता दिइनेछ ।

(ख) यस गाउँपालिकाले वडा नं. १ देखि ८ सम्म सबै वडाहरुलाई छुट्टाछुट्दै कृषि उत्पादन क्षेत्रको पकेट क्षेत्रका रुपमा पहिचान गरी छुट्याई सोही बमोजिमका कार्यक्रम, योजना, सेवा सुविधा दिइनेछ ।

(ग) किसान, कृषि समूह, पशुपालक समूह, कृषि सहकारी संस्था र कृषि तथा खाद्य उद्यमीहरुको सहकार्यमा कृषि भूमिको संरक्षण गर्दै कृषि कार्यलाई एक सम्मानजनक पेशाको रुपमा आत्मसाथ गराउनका लागि कृषि क्षेत्रको व्यावसायीकरण गरी उद्यमशिलता, रोजगारी, आयआर्जन, जिविकोपार्जन, सम्बृद्धि र सामाजिक सुरक्षाका अवसरहरु सिर्जन गरिनेछ ।

(घ) किसानलाई कृषि कार्य, पशुपालन तथा जलचर पालनका लागि आवश्यक पर्ने सबै किसिमका सेवा, सामाग्री र प्रविधिमा सहज पहुँचका लागि आवश्यक पर्ने संस्थागत व्यवस्था तथा स्रोत साधनहरुको प्रवन्ध गरिनेछ ।

(ङ) कृषि सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याँकन, लगायतका समग्र निर्णय प्रक्रियामा यस गुराँस गाउँपालिकाका प्रतिनिधि लगायत वास्तविक किसान, कृषि समूह, पशुपालन समूह, यसका प्रतिनिधिमुलक संघसंस्था लगायत सबैको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(घ) उपदफा (१) मा उल्लेखित नीतिहरुलाई आवश्यक संस्थागत व्यवस्था र आर्थिक एवं प्राविधिक लगायतका स्रोत साधनहरुको प्रवन्ध गरी क्रमशः कार्यान्वयन गर्दै जानुपर्नेछ ।

## परिच्छेद-३

## कृषि सम्बन्धी आधारभूत विवरण व्यवस्थापन

**५. कृषि तथ्यांक संकलनः** (१) यस गाउँपालिकामा रहेका किसान र कृषिका बारेमा देहाय बमोजिमका विवरण सहितको तथ्याँक संकलन गरी अभिलेखित गरिनेछ,-

(क) किसानहरुको वर्गीकरण अनुसारको परिवार संख्या र भूमिहिन किसानहरुको विवरण,

(ख) कृषक समूह, पशुपंक्षीपालक समुह, कृषि सहकारी, कृषि सम्बन्धी काम गर्ने साझेदार संघसंस्था तथा तिनको अवस्था,

(ग) व्यवसायीक किसानको विवरण तथा निर्वाहमुखी किसानहरुको विवरण,

(घ) कृषिलाई मुख्य पेशा बनाएका नागरिक तथा सहायक पेशा बनाएका नागरिकहरुको विवरण,







(ङ) आफ्नै स्वामित्वको भूमिमा कृषि गरेका वा भाडाको जमिनमा कृषि गर्दै आएका किसानको विवरण,

(च) सिँचाई सुविधा पुगेको वा नपुगेको सहित कृषियोग्य भूमिको विवरण तथा नक्शांकन,

(छ) रैथाने लगायतका मुख्य कृषि उपज, भण्डारण तथा प्रशोधन र बजारीकरण भइरहेका र हुनसक्ने कृषि उपजहरुको विवरण,

(ज) नगदेबाली, तरकारी र फलफूल खेतिको उत्पादन र सोको बजारीकरणको अवस्था,

(झ) पशुपालन, पंक्षीपालन, माछापालनको अवस्था तथा विवरण र दुग्ध तथा माछामासुजन्य उत्पादन र बिक्रि वितरणको अवस्था,

(ञ) रैथाने, परम्परागत र सांस्कृतिक महत्वका खाद्य वस्तुको उत्पादनको अवस्था र बजारीकरणको अवस्था,

(ट) कृषिजन्य पुर्वाधार (सिंचाई, शितभण्डार, कृषि मिल, खाद्यप्रशोधन, ढुवानी वा कृषि सडक) आदीको अवस्था,

(ठ) कृषि सेवा प्रदायक (कृषि तथा पशुपन्छी सेवाकेन्द्र तथा शाखा, कृषि सामाग्री र बिउविजन, मलखाद र प्रारङ्गारिक मल उत्पादन र सोको वितरण, पशुस्वास्थ्य सेवा, कृषि बिमा, पशु बिमा, वातावरणमैत्री किटनाशक विषादी) आदीको अवस्था र यसमा किसानको पहुँच,

(ड) कृषि सेवा प्रदायकहरुको नियमन र अनुगमन सम्बन्धी व्यवस्था र सोको कार्यान्वयनको अवस्था,

(ढ) कृषि शिक्षा, कृषि प्रसारप्रसार र कृषि स्रोत व्यक्तिहरुको उपलब्धताको अवस्था,

(ण) कौशीखेती, करेसाबारी खेती बिस्तारको अवस्था,

(त) अन्य आवश्यक र महत्वपुर्ण विवरणहरु ।

(२) उपदफा (१) बमोजिमका तथ्यांक संकलनका लागि यस गुराँस गाउँपालिकाले कम्तीमा पाँच वर्षमा एकपटक र आवश्यकता अनुसार अन्य समयमा पनि कृषि तथा पशुपंक्षी गणना गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गर्दा किसानहरुको सहभागीता गराई आवधिक योजना र बजेट तर्जूमा गर्दा समेत कृषि तथ्याँक बजोजिम गर्नुपर्नेछ ।

## परिच्छेद-४

## किसान पहिचान, वर्गीकरण, संरक्षण र सशक्तिकरण सम्बन्धी व्यवस्था

७. **किसानको पहिचानः** (१) गाउँपालिकाले कृषि कार्यमा संलग्न किसानको तोकिए बमोजिम गणना गरी पहिचान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका किसानलाई दफा ८ बमोजिमको आधारमा वर्गीकरण गरि किसान परिचयपत्र प्रदान गरिनेछ ।

८. **किसानको वर्गीकरणः** (१) गाउँपालिकामा रहेको भूमिहिन किसान, सिमान्तकृत किसान, पारिवारीक खेतिको रुपमा निर्वाहमुखी खेति कृषि कार्य गर्दै आएका साना किसान, मध्यम किसान र अन्य कृषि पेशा तथा व्यवसाय गर्दै आएका ठुला तथा व्यवसायीक किसानलाई जिविकोपार्जन र कृषि क्षेत्रको दिगो विकास हुनेगरी वर्गिकरण गरिनेछ ।

(२) किसानको वर्गिकरण तथा सुचिकरण सम्बन्धी आधार र सुचक तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (७) बमोजिम परिचयपत्र प्राप्त किसानलाई मात्र गुराँस गाउँपालिकाबाट विभिन्न कृषि तथा पशुपालनसम्बन्धी अनुदान, बिमा, सहुलियत, सेवा तथा सुविधा प्रदान गर्न सकिनेछ ।

९. **कृषि समुह गठन र सञ्चालनः** (१) गाउँ वा टोलमा रहेका किसानहरुले आफ्नो सामुहिक हित र क्षमता विकासका लागि निश्चित क्षेत्रमा हरेक किसान परिवारबाट प्रतिनिधित्व हुनेगरी कृषक समूह वा पशुपालक समूह गठन गर्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन कृषक समूह वा पशुपालक समूहलाई गुराँस गाउँपालिकामा दर्ता गर्नुपर्नेछ र प्रत्येक दुईवर्षमा नविकरण गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालनमा रहेका कृषक समूह र पशुपालक समूहलाई गाउँपालिकाले आवश्यक सेवा सुविधा प्राप्तीका लागि सहजीकरण गर्न र सिफारिस प्रदान गर्न सक्नेछ ।

(४) दर्ता भई दुईवर्षसम्म निष्कृय रहेका, अनुदान रकम र अन्य सुविधा दुरुपयोग गर्ने कृषक समूह र पशुपालक समूहलाई कार्यपालिकाको निर्णयबाट खारेज गर्न सकिनेछ ।







तर यसरी खारेज गर्नुपुर्व सातदिनको समय दिई सुनुवाईको मौका दिइनेछ ।

(५) कृषि तथा पशुपालन समूह दर्ता, खारेजी, नविकरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **कृषि तथा पशुपन्छी सम्बन्धी सहकारी संस्था :** (१) कृषि तथा पशुपन्छी सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था गाउँपालिकाको सहकारी सम्बन्धी कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

११. **किसानको संरक्षण र सशक्तिकरणः** (१) गाउँपालिका क्षेत्रभित्रका सबै किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि वार्षिक र आवधिक रुपमा योजना र कार्यक्रम तर्जूमा गरी सम्बन्धित किसान र कृषक तथा पशुपालक समूह वा यस्ता समूहका सञ्जाल वा कृषि सहकारी संस्था, कृषि फर्म र कृषि सम्बन्धी लघु उद्यम तथा घरेलु उद्योग मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम तर्जूमा गर्दा गरिब तथा विपन्न, भूमिहिन, सिमान्तकृत र साना किसान, कृषि श्रमिक, कृषि कार्यमा संलग्न महिला, दलित, आदीबासी, जनजाती किसानका आवश्यकतालाई विशेष प्राथमिकतामा राख्नुपर्नेछ ।

(३) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि उपलब्ध स्रोत साधन र क्षमताका आधारमा देहायबमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछः-

(क) भूमिहिन किसान तथा सिमान्तकृत किसानलाई आँफै कृषि कार्य नगर्ने जग्गा जमिन वा नेपाल सरकार र प्रदेश सरकार तथा गुराँस गाउँपालिका र अन्य कुनै संघसंस्थाले उपलब्ध गराएका तथा प्रयोग गर्न दिएका जग्गा निश्चित अवधिका लागि सम्झौता गरी भाडामा लिई कृषि कार्य गर्ने अवस्था सिर्जना गर्ने,

(ख) अधिया वा बटैया खेति प्रणालीको अनुगमन तथा नियमन गर्ने,

(ग) कृषि श्रमिकले कृषि कार्य गरेबापत् पाउने पारिश्रमिक र सेवासुविधा निर्धारण गरी दैनिक रुपमा पारिश्रमिक पाउने कुराको सुनिश्चितता गर्ने,

(घ) कृषि प्रसार, सेवा, सामाग्री र प्रविधिमा किसानको पहुँच सुनिश्चितताका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने,

(ङ) कृषि सम्बन्धी क्षमता विकासका कार्यक्रममा गरिब तथा विपन्न, भूमिहिन, सिमान्तकृत र साना किसान, कृषि श्रमिक, कृषि कार्यमा संलग्न महिला, दलित, आदीबासी, जनजाती, अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका किसानलाई प्राथमिकता दिने,

## परिच्छेद-५

## कृषियोग्य जमिनको वर्गीकरण, उपयोग, संरक्षण सम्बन्धी व्यवस्था

**१२. भूमिको वर्गिकरण**ः (१) गाउँपालिकाले नेपाल सरकारको भू-उपयोग ऐन, २०७६ समेतलाई आधार मानी भू-बनोट, क्षमता, उपयुक्तता र आवश्यकताका आधारमा कृषि भूमिको संरक्षण र सदुपयोग हुनेगरी आफ्नो क्षेत्रभित्रको भूमिलाई सामान्य नक्शांकन सहित देहाय बमोजिमको भू-उपयोग क्षेत्रमा वर्गिकरण गर्न सक्नेछ :-

(क) कृषि भूमि,
(ख) आवासीय क्षेत्र,
(ग) व्यवसायीक क्षेत्र,
(घ) औद्योगिक क्षेत्र,
(ङ) वन क्षेत्र,
(च) खानी तथा खनिज क्षेत्र,
(छ) पानी मुहान, नदिनाला, तालतलैया तथा सिमसार क्षेत्र,
(ज) सामुदायिक, सार्वजनिक उपयोग र खुल्ला तथा चरन क्षेत्र,
(झ) सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र,
(ञ) निर्माण सामाग्री उत्खनन् क्षेत्र (ढुङ्गा, गिट्टी, बालुवा)

(२) उपदफा (१) बमोजिम गरिएको भूमिको वर्गिकरणलाई सम्बन्धित क्षेत्र स्पष्ट हुने गरी सोको विवरण स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ र सोको सूचना सार्वजनिक रुपमा कार्यपालिकाको कार्यालयमा समेत टाँस गर्नुपर्नेछ र वडा कार्यालयहरुले समेत सो सूचना प्रकाशन गर्नुपर्नेछ ।







(३) भूमिको वर्गिकरण र भू-उपयोगको बारेमा गुराँस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सबैको जानकारीका लागि विभिन्न सञ्चार माध्यमहरुबाट समेत सुचना प्रशासन, प्रसारण गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम वर्गिकरण गरिएको भूमिलाई जुन प्रयोजनका लागि वर्गिकरण गरिएको हो सोही अनुसार मात्रै प्रयोग गर्नुपर्नेछ। कृषि भूमि व्यवस्थापन समिति वा स्थानीय भू-उपयोग परिषद् गठन भएको अवस्थामा उक्त परिषद्को अनुमति नलिई कृषि भूमिलाई अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

**१३. कृषि भूमि व्यवस्थापन समिति** : (१) गाउँपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको संरक्षण, व्यवस्थापन गर्दै दिगो कृषि विकासका लागि योजना तर्जुमा र कार्यान्वयन गर्न देहाय बमोजिमको एक कृषि भूमि व्यवस्थापन समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष
(ग) गाउँपालिका स्तरिय आर्थिक विकास समिति संयोजक - सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ङ) गाउँपालिका स्तरिय कृषक समूह महासंघ अध्यक्ष वा प्रतिनिधि - सदस्य
(च) गाउँपालिका स्तरिय भूमिअधिकार मञ्चको अध्यक्ष वा प्रतिनिधि - सदस्य
(छ) कृषि सम्बन्धि स्थानीय विज्ञहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको एकजना - सदस्य
(ज) कृषि सहकारी संस्थाले छनौट गरी पठाएको एकजना - सदस्य
(झ) यस समितिले मनोनित गरेको महिला कृषि उद्यमी मध्येबाट एकजना, व्यवसायीक किसान मध्येबाट एकजना, आदीबासी जनजाती मध्येबाट एकजना र दलित किसानबाट एकजना गरी चारजना - सदस्य
(ञ) गाउँपालिकाको कृषि तथा पशुपन्छी शाखा हेर्ने प्रमुख वा अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले कृषि सम्बन्धी विज्ञ तथा अन्य सम्बन्धित निकाय वा संघसंस्थाका प्रतिनिधिहरुलाई आफ्नो बैठकमा आमन्त्रण गरी आवश्यक राय सुझाव लिन सक्नेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(४) समितिको कार्यविधि समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।
(५) समितिको सचिवालय गाउँपालिकाको कृषि तथा पशुपन्छी शाखामा रहनेछ ।
(६) समितिले वडा स्तरीय समिति गठनका लागि सम्बन्धित वडाको वडा अध्यक्षलाई जिम्मा दिन सक्नेछ ।

१४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) गाउँपालिका क्षेत्रभित्र किसान, कृषि भूमि, कृषि सेवा, पशुपन्छी सेवा, कृषि पुर्वाधार, लगायतका विषयको वस्तुस्थिति संकलन र अभिलेख तयार गरी कृषि तथ्याँक प्रकाशन गर्ने,
(ख) गाउँपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको दिगो व्यवस्थापन र सदुपयोगको लागि किसानको समेत सहभागीतामा कृषि सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,
(ग) कृषियोग्य जमिनमा कृषि उत्पादन गर्न, किसानका लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन,कृषि तथा खाद्य उत्पादनको बजारीकरणका लागि आवश्यक पर्ने विभिन्न कृषि पुर्वाधार, निर्माणका लागि योजना तर्जूमा गरी विभिन्न तह र सम्बन्धित निकायमा सिफारिस तथा परामर्श प्रदान गर्ने,
(घ) वन क्षेत्र बाहेक अन्य प्रयोजनमा रहेको जग्गालाई आवश्यकता अनुसार कृषियोग्य जमिनमा परिणत गर्नका लागि स्थानीय भू-उपयोग परिषद्मा सिफारिस गर्ने,
(ङ) कृषि सम्बन्धी ऐनमा तोकिएका काम गर्ने ।

१५. **कृषि कार्यः** यस ऐनको प्रयोजनका लागि देहाय बमोजिमका कार्यलाई कृषि कार्यका रुपमा लिइनेछः-
(क) स्थानीय रैथाने लगायतका अन्य अन्नबाली सहितका खाद्यान्न बालीको उत्पादन,
(ख) फलफुल, दलहन, तेलहन, चिया कफि तथा मसलाजन्य, च्याउ लगायतका नदगेबाली,





कृषि तथा पशुपन्छी विकास कृषि अनुदान सम्बन्धी कार्यक्रमको नियमन तथा व्यवस्था गर्न बनेको विधेयक

(ग) रैथाने लगायत विभिन्न पशुपन्छी, माछा तथा मौरी पालन,
(घ) उखु, फुल, रेशम, अम्रिसो, बाबियो, वेदबाँस तथा रबरखेती,
(ङ) जडिबुटी खेती, घाँस उत्पादन, विरुवा उत्पादन तथा कृषि वन सञ्चालन,
(च) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, कृषि औजार आदीको उत्पादन,
(छ) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी जंगल र जलाशय खेती गरी उत्पादन गरिने अन्य उपभोग्य बस्तुहरु,
(ज) खण्ड (क) देखि (च) सम्म गरिएका कृषि कार्यबाट उत्पादित बस्तुहरुको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरण,

१६. **कृषि भूमिको संरक्षणः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पहिचान भएका कृषि भूमिको संरक्षणका लागि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नेछः-
(क) कृषि भुमिलाई कृषि बाहेक अन्य प्रयोजनका लागि निरुत्साहीत गर्ने,
(ख) कृषि भूमिको उर्वरता शक्ति घटाउने, माटोको गुणस्तर ह्रास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी र जलचर लगायतका प्राणीलाई गम्भिर असर गर्ने खालका रासायनीक मल वा विषादी प्रयोगलाई निरुत्साहीत गर्ने,
(ग) प्राङ्गारिक मल तथा पर्यावरणमैत्री कृषिलाई प्रोत्साहन गर्ने,
(घ) कृषि जमिन क्षतिहुनेगरी सञ्चालन गरिने विकास आयोजनालाई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसारका कार्य गर्न लगाई क्षति भएको कृषि जमिनको पुर्नस्थापना गर्न लगाउने,

(२) बाढी पहिरो लगायतका दैवी प्रकोपबाट कुनै किसानको कृषि भूमिको गुणस्तर ह्रास भएमा वा कृषि भूमि क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि सम्बन्धित किसानलाई गुराँस गाउँपालिकाबाट प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउने,

१७. **कृषियोग्य भूमिको उपयोगः** (१) कृषि भुमि व्यवस्थापन समितिले गुराँस गाउँपालिका क्षेत्रभित्रको कृषियोग्य जमिनलाई बाँझो नराखी निरन्तर खेति गर्न प्रोत्साहन गरी आवश्यक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरी कृषियोग्य जमिन बाँझो नरहने अवस्था सिर्जना गर्नुपर्नेछ ।

(२) आफ्नो कृषियोग्य भूमिमा जग्गाधनी आँफैले कृषि कार्य गर्न नसक्ने भएमा सोको जानकारी वडा कार्यालयलाई गराउनुपर्नेछ। यस उपदफा बमोजिम कुनैपनि जग्गाधनीले जमिन बाँझो छोड्न पाइने छैन ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त हुन आएमा जग्गाधनीको भूस्वामित्वमा कुनै असर नपर्नेगरी उक्त जग्गालाई सम्बन्धित वडा कार्यालयले भाडामा लिई भूमिहिन गरिब तथा विपन्न, भूमिहिन, सिमान्तकृत र साना किसान, कृषि श्रमिक, कृषि कार्यमा संलग्न महिला, दलित, आदीबासी, जनजाती, कृषि समुह जमिन बाँझो नराखी कृषि कार्य गर्नका लागि दिन सक्नेछ ।

(४) कृषियोग्य जमिन भएका व्यक्ति वा परिवारले करार गरी जमिन अन्य किसान परिवार, कृषक समूह, कृषि सहकारी लगायतका निकायलाई लिन पाउने भाडादर सम्बन्धित वडाको वडा अध्यक्ष, कृषि भूमि व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्धारण गरिएको जग्गाको भाडादर सम्बन्धी सूचना कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम भाडाको निर्धारण गर्दा जग्गाका उर्वराशक्ति, सिंचाई सुविधा तथा सम्बन्धित जग्गाको पहुँचमा रहेका कृषि पुर्वाधार र सुविधा समेतको आधारमा निर्धारण गर्नुपर्नेछ र यस्तो भाडादर कृषि जमिनको सुविधा अनुसार फरक फरक हुनेछ ।

**१८. करार खेती सम्बन्धी व्यवस्था:** (१) कृषियोग्य जमिनमा आँफै खेति गर्न नसक्ने जग्गा धनीले त्यस्तो जमिनमा दफा १७ बमोजिम निर्धारित भाडादरमा करार खेति गर्न इच्छुक किसान, कृषि समुह वा सहकारीलाई खेति गरी कृषि उत्पादन गर्न वा पशुपन्छी वा जलचर पालनका लागि करारमा उपलब्ध गराउन सक्नेछ ।

(२) करारमा जग्गा उपलब्ध गराउन इच्छुक जग्गा धनीले गुराँस गाउँपालिकामा आफ्नो कृषि भूमिको विवरण अभिलेखित गराउन सक्नेछ ।

(३) दफा १७ बमोजिम तय भएको भाडादरमा कृषियोग्य जमिनको करार गर्दा न्युनतम् अवधि र आवश्यक शर्तहरु जग्गा धनी र कृषकको आपसी सम्झौतामा लेखिए बमोजिम हुनेछ ।







(४) जग्गा भाडामा लिने कृषकले जग्गालाई हानीहुने कुनैपनि किसिमको कार्य गर्न पाउने छैन ।

(५) जग्गा भाडामा लिई करार खेति गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१९. सार्वजनिक कृषियोग्य जमिनको उपयोग:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकी खाली रहेको कृषि प्रयोजनका लागि उपयुक्त रहेको सार्वजनिक जमिनलाई उक्त जमिनको स्वामित्व रहेको निकाय वा संस्था र किसानबिच न्युनतम् भाडा लिनेदिने शर्तमा करार गरी कृषि प्रयोजनका लागि कृषक वा कृषि समूहलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जमिनको न्युनतम् भाडादर निर्धारणका लागि कृषि भूमि व्यवस्थापन समितिले समन्वय गर्नुपर्नेछ ।

**२०. सामुहिक खेति:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले भूमिहिन किसान र सिमान्तकृत तथा दलित साना किसानका लागि सामुहिक खेति गर्नेगरी जमिन उपलब्ध गराउन अनुरोध गरेमा कृषि भूमि व्यवस्थापन समितिले आवश्यक जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ ।

(२) सामुहिक खेतिबाट प्राप्त लाभको बाँडफाँड उक्त खेतिमा संलग्न किसानको आपसी समझदारीमा हुनेछ ।

(३) निजि जमिनलाई पुर्ण वा आंशिक रुपमा चक्लाबन्दी गरी सामुहिक खेति गर्न चाहाने कृषि समूह, कृषि सहकारी तथा संस्थालाई आवश्यक पर्ने विद्युत्, सिंचाई र कृषि सडकसहित भण्डारण र आवश्यक औजार तथा उपकरणहरुमा समेत कार्यपालिकाको निर्णय बमोजिमका सुविधाहरु प्रदान गर्न सकिनेछ ।

## परिच्छेद-६

## सिंचाइ, बिउबिजन, मलखाद तथा किटनाशक विषादी सम्बन्धी व्यवस्था

**२१. सिंचाईको प्रबन्ध गर्नुपर्ने:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका खेतियोग्य कृषि भूमिमा सतह सिंचाइ, भूमिगत सिंचाइ, लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार संभावित क्षेत्रमा सिंचाइको प्रवन्ध गर्नुपर्नेछ ।

(२) उपदफा १ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. बिउबिजन, मलखाद, किटनाशक विषादीको उपलब्धता:** (१) गाउँपालिकाले कृषिका लागि बिउ विजन स्थानीय स्तरमा नै भण्डारण गर्नका लागि किसानलाई आवश्यक प्राविधिक सहयोग तथा सीप उपलब्ध गराउन र यसका लागि सम्भाव्यताका आधारमा रैथाने बाली उत्पादन पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ। कृषि कार्यका लागि आवश्यक मलखाद तथा किटनाशक विषादीको समेत उपलब्धता गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा सकेसम्म स्थानीय उत्पादनलाई बढवा दिनुपर्नेछ। रासायनीक मल भन्दा प्राङ्गारिक मलको प्रयोगलाई अनिवार्य गरी र विषादी प्रयोगमा बन्देज लगाउन सक्नेछ।

तर स्थानीय जडिबुटी र घरेलु उपायको प्रयोग गरी किटनाशक औषधि निर्माण गर्न बाधा पर्ने छैन।

(३) उपदफा (१) र (२) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२३. सामुदायिक बिउ बैंक स्थापना गर्न सकिने:** (१) गाउँपालिका क्षेत्रभित्र रहेका कृषक समूहले स्थानीय स्तरमा एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बिउ बैंक स्थापना गर्न सक्नेछन्।

(२) सामुदायिक विउ बैंक स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कृषि सम्बन्धि सूचना, प्राविधिक ज्ञान , सीप र संस्थागत व्यवस्था

**२४. कृषि सिकाई केन्द्र स्थापना गर्न सकिने:** (१) गाउँपालिको कृषि कार्य पशुपन्छी तथा जलचर पालनका लागि वडा कार्यालयमा प्रविधि र प्राविधिक जनशक्ति सहितको एक कृषि सिकाई केन्द्र स्थापना गर्न सक्नेछ।

(२) कृषि तथा पशुपंक्षी शाखाले कृषि सिकाई केन्द्र मार्फत किसानलाई कृषि कार्य पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक प्राविधि सहयोग, सुचना तथा प्राविधिक सहयोग गर्नेछ।

(३) कृषि सिकाई केन्द्र स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।







**२५. कृषि सम्बन्धी सूचनामा पहुँच:** (१) कृषि सम्बन्धी सूचनामा कृषकको पहुँचका लागि गुराँस गाउँपालिकाले कृषि सूचना केन्द्र स्थापना गर्न सक्नेछ।

(२) सुचनाको हक सम्बन्धी ऐन २०६४ र सुचनाको हक सम्बन्धी नियमावली २०६५ बमोजिम स्वत प्रकाशन गर्नुपर्ने सुचनाहरु सोही बमोजिम र गाउँपालिकाले किसानका लागि तर्जुमा गरेका कार्यक्रम र बजेट प्रत्येक वडा तथा टोलमा त्यस्तो योजना तथा कार्यक्रम तर्जुमा गरेको पन्ध्रदिन भित्र किसानको पहुँच पुग्ने गरी सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ।

**२६. कृषि सम्बन्धी प्राविधिक ज्ञान र सीप बृद्धि:** (१) कृषि र पशुपन्छी तथा जलचर पालनलाई कृषकको जिविकोपार्जनका साथै व्यवसायीक रुपमा प्रवर्द्धन गर्नका लागि गुराँस गाउँपालिकाले आँफै वा विभिन्न निकाय र परियोजनाको सहयोगमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपंक्षी प्राविधिकको व्यवस्था गर्न सक्नेछ।

**२७. कृषक पाठशाला, किसान चौतारी स्थापना गर्न सकिने:** (१) गाउँपालिको कृषकको लागि कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता विकासको निमित्त गाउँपालिका स्तरमा कम्तीमा एउटा कृषक पाठशाला स्थापना गर्न सक्नेछ।

(२) कृषकले आर्जन गरेको सीप, क्षमता, अनुभव, प्राविधिक ज्ञान साट्नका लागि गाउँपालिकाले किसान चौतारीको समेत स्थापना गर्न सक्नेछ।

**२८. कृषि व्यवसायको प्रवर्द्धन गर्न सकिने:** (१) कृषि, पशुपन्छी तथा जलचर सम्बन्धी व्यवसाय प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्यहरु गर्न सकिनेछ :-

(क) आवश्यक योजना तथा कार्यक्रम तर्जूमा गरी बजेट व्यवस्थापन गर्ने,

(ख) आवश्यक सीप, ज्ञान र प्रविधिको उचित प्रवन्ध गर्ने,

(ग) अनुदान उपलब्ध गराउने कार्यविधि तर्जूमा गरी कार्यान्वयन गर्ने,

(घ) किसानलाई सहुलियत दरमा ऋण उपलब्ध गराउनका लागि आवश्यक पहल तथा विभिन्न वित्तिय संस्थाहरुमा समन्वय गर्ने,

(ङ) उत्कृष्ठ कृषक, कृषक समुह, कृषक सहकारी, कृषि उद्यमी तथा व्यवसायीलाई छनौट गरी आवश्यक सहुलियत तथा पुरस्कृत गर्ने,

**२९. कृषि फर्म स्थापना र सञ्चालन:** (१) गाउँपालिकाले कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरणका लागि कृषि तथा पशुपन्छी फर्म स्थापना गर्न चाहने किसान, कृषक समूह, पशूपालक समुह, कृषि सहकारीलाई आवश्यक समन्वय गर्न सक्नेछ।

(२) कृषि फर्म सञ्चालन गर्दा प्रचलित कानूनको अधिनमा रही गर्नुपर्नेछ ।

**३०. कृषकलाई अनुदान र छूट सुविधाः** (१) गाउँपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालनमा संलग्न भूमिहिन, सिमान्तकृत किसान, गरिब, पिछडिएका किसान, कृषिमा आश्रित दलित तथा जनजाती समुदाय, एकल महिला, अपांगता भएका व्यक्ति, यौनिक तथा लैगिंक अल्पसंख्यक, युवा, साना किसान, महिला किसानलाई प्राथमिकता प्रदान गरी देहाय बमोजिमको छूट तथा अनुदान उपलब्ध गराउन सक्नेछः-

(क) कृषि उपज, पशुपंक्षी तथा जलचरमा स्थानीय कर छूट,

(ख) कृषि, पशुपन्छी तथा जलचर पालन कार्यका लागि किसानलाई सिफारिस दिँदा लाग्ने दस्तुर छूट,

(ग) व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, यान्त्रीक उपकरण, हाट बजार, संकलन केन्द्र, शित भण्डार केन्द्र आदीमा अनुदान,

(घ) परम्परागत कृषि औजार निर्माण गर्ने किसानलाई व्यवसाय दर्तामा छूट र सोको लागि अनुदान,

(ङ) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा अनुदान,

(च) अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरु ।

(२) उपदफा (१) बमोजिमका छूट तथा अनुदान प्रदान गर्दा किसानको वर्गिकरण र कृषक परिचयपत्रलाई आधार मानी आर्थिक ऐनमा व्यवस्था गरी गर्नुपर्नेछ ।

(३) स्थानीय कृषि बस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनिय योगदान गर्ने किसानलाई निश्चित परिमाणको कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादन पश्चात् अनुदान प्रदान गर्ने गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम लागू गर्न सकिनेछ ।

**३१. कृषि ऋणमा पहुँचः** (१) गाउँपालिकाले कृषकलाई कृषि व्यवसाय प्रवर्द्धनका लागि लगानी गर्न आवश्यक पर्ने बिना धितो वा धितोसहित सहुलियत ब्याजदरमा वा ब्याज अनुदान प्राप्त हुनेगरी ऋण उपलब्ध गराउन बैंक तथा वित्तिय संस्थामा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिसका आधारहरु तोकिए बमोजिम हुनेछन् ।







**३२. कृषि बाली र पशुपंक्षी बीमाः** (१) गाउँपालिकाले सम्बन्धित बिमक र निकायको नियमानुसार कृषकले कृषि बाली वा कृषि उपज तथा पशुपन्छी र जलचरको बीमा सहज रुपमा गर्न अवस्था सिर्जना गर्नका लागि समन्वय गर्नुपर्नेछ ।

(२) कृषि तथा पशुपन्छी बीमा गर्न नसक्ने साना किसान, कृषि माश्रित महिला, दलित, जनजाती, अपांगता भएका व्यक्ति, यौनिक तथा लैगिंक अल्पसंख्यक, एकल महिला, युवा आदीलाई कृषि तथा पशुपन्छी बीमा गर्नका लागि अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(३) कृषि तथा पशुपंक्षी बीमा रकम अनुदानको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## कृषि भण्डारण, प्रशोधन तथा बजारीकरण सम्बन्धी व्यवस्था

**३३. कृषि उपजको भण्डारण र प्रशोधनः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि शित भण्डार, चिस्यान केन्द्र, संकलन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्र लगायतका भौतिक पुर्वाधार निर्माण गरी किसानले सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुर्वाधार निर्माण तथा सञ्चालनका लागि गुराँस गाउँपालिकाले कृषि सहकारी संस्था वा कृषक समुहसँग संयुक्त लगानी वा व्यवस्थापन गर्न सक्नेछ ।

(३) कृषि उपजको प्रशोधन तथा भण्डारण लगायतका पुर्वाधारको उपयोग बापत लाग्ने शुल्क कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादित बस्तु निर्यात तथा बजारीकरणका लागि आवश्यक प्रबन्ध गर्न सक्नेछ ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता र सम्भाव्यता अनुरुपको कृषि उत्पादन केन्द्रित प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **कृषि बजार र कृषि उपज संकलन केन्द्रको स्थापना**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रिका लागि किसान र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरुमा कृषि बजार वा कृषि उपज संकलन केन्द्रको स्थापना गरी गाउँपालिका आँफैले वा कृषक समुह तथा कृषि सहकारी संस्था मार्फत सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिकामा दर्ता भएका कृषि सम्बन्धी सहकारी संस्था, कृषक समूह वा कृषि सम्बन्धी व्यावसायिक संस्थाले कार्यपालिकाको अनुमति लिई कृषि बजार वा कृषि उपज संकलन केन्द्र स्थापना वा सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) थोक बजार

(ख) खुद्रा बजार

(ग) हाटबजार

(घ) कृषि सहकारी संस्था र कृषक समूहको संयुक्त हाटबजार

(ङ) कृषि उपज संकलन केन्द्र

(४) उपदफा (१) बमोजिम बजार सञ्चालन र व्यवस्थापन बापत लाग्ने सेवाशुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(५) कृषि बजार वा कृषि उपज संकलन केन्द्रमा कृषि उपजको खरिद बिक्रि गर्दा गुराँस गाउँपालिकाले निर्धारण गरेको न्युनतम मुल्यमा मात्र खरिद बिक्रि गर्नुपर्नेछ ।

(६) गरिब तथा सिमान्तकृत वर्गका किसानले उत्पादन गरेको कृषि उपजहरु बजारसम्म ढुवानी गर्नका लागि गाउँपालिकाले कृषि उपजमा ढुवानी अनुदान प्रदान गर्न सक्नेछ ।

(७) कृषि बजार वा कृषि उपज संकलन केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **कृषि बजार अनुगमन समिति**: (१) कृषि बजार अनुगमनका लागि उपाध्यक्षको संयोजकत्वमा एक समिति निर्माण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको संख्या र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।







३६. **गुणस्तर निर्धारण प्रणाली अबलम्बन गर्न सकिने**: (१) गाउँपालिको आफ्नो क्षेत्रभित्रका किसानले उत्पादन गरेको कृषि उत्पादन प्राङ्गारिक खेति प्रणाली अबलम्बन गरी गुणस्तरीय छ भनी प्रमाणीरकण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर प्रमाणीकरण गर्दा सहभागीतामुलक विधि अवलम्बन गर्नुपर्नेछ ।

(३) गुणस्तर निर्धारण प्रणाली अवलम्बन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. **कृषि व्यापारीको दर्ता र नियमन व्यवस्था**: (१) कृषि बजार तथा कृषि उपज संकलन केन्द्र भित्र व्यापार गर्न इच्छुक व्यापारी वा कृषि उपज व्यावसायी गाउँपालिकामा दर्ता हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुनका लागि कृषि व्यापारी तथा कृषि उपज व्यवसायीले देहाय बमोजिमको काजगपत्र पेश गर्नुपर्नेछः-

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) सम्बन्धित निकायमा भएको व्यवसाय दर्ता प्रमाणपत्र,

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्र,

(घ) कृषि बजार तथा कृषि उपज संकलन केन्द्रभित्र सञ्चालन गर्न चाहेको कृषि व्यवसाय योजना,

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(३) कृषि व्यापारी वा कृषि उपज व्यावसायीको दर्ता र नियमन सम्बन्धी व्यवस्था कृषि बजार अनुगमन समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

३८. **कृषि उपजको आयात निर्यात**: (१) कृषि तथा पशुपन्छी शाखाले किसानहरुसँग जानकारी लिई गाउँपालिका क्षेत्रभित्र उत्पादन भएका कृषि उपजको त्रैमासिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन कृषि शाखाले त्रैमासिक रुपमा कृषि बजार व्यवस्थापन समिति तथा कार्यपालिकामा पेश गरी सार्वजनिक गर्नुपर्नेछ ।

(३) कृषि बजार व्यवस्थापन समितिले गाउँपालिका क्षेत्रभित्र खपत नभई बचत हुन सक्ने कृषि उपजलाई अन्यत्र निकासीका लागि आवश्यक प्रवन्ध गर्न सक्नेछ ।

(४) अन्यत्रबाट आयात हुने कृषि उपज रोक्न र गुणस्तर राम्रो भए नभएको सम्बन्धमा समेत गुरणस्तर मापन तथा प्रमाणीकरण कृषि बजार व्यवस्थापन समितिले गर्न सक्नेछ ।

(५) अन्यत्रबाट आयात भएको कृषि जन्य बस्तु गुरणस्तरहिन भएको अवस्थामा कृषि बजार व्यवस्थापन समितिले गुणस्तर प्रमाणीकरण गरी वस्तु आयातमा रोक लगाउनका लागि कार्यपालिका समक्ष लेखि पठाउन सक्नेछ ।

**३९. पशुपन्छी सेवा सम्बन्धी व्यवसाय दर्ता** : (१) एग्रोभट, दाना, चल्ला लगायत पशुपन्छी सेवासम्बन्धी उद्योग, कम्पनी वा फर्मले आर्थिक ऐनद्धारा निर्धारित शुल्क तिरी गाउँपालिकामा दर्ता गर्ने र बार्षिक रुपमा नविकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका उद्योग, कम्पनी वा फर्मको कृषि बजार व्यवस्थापन तथा अनुगमन नियमित रुपमा अनुगमन गरी गुणस्तर सुधारका लागि आवश्यक निर्देशन दिनेछ र सम्बन्धित उद्यमी वा व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नुपर्नेछ । सुचिकृत

**४०. पशु नश्ल सुधार तथा पशुपंक्षी अस्पताल स्थापना गर्न सक्ने** : (१) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी गाउँपालिका भरमा रहेका स्थानीय जातका पशुको वंश लोप हुनबाट बचाउन वा उनीहरुको नश्ल सुधार गर्ने दृष्टिले सोही सुचनामा तोकेको भाले पशुको बन्ध्याकरण नगरी राख्नुपर्ने सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले किसानलाई पायक पर्ने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छीअस्पताल स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ । पशुप्रजननका लागि स्रोत केन्द्र

**४१. पशु बधस्थल/बधशालाको व्यवस्था**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पशु बधशाला तथा पशु बधस्थल स्थापना गर्न उपयुक्त स्थान पहिचान गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) पशुपन्छी सम्बन्धी सहकारी वा व्यवसायीक संस्थाले गाउँपालिकाको अनुमति लिई पशु बधशाला स्थापना गर्न सक्नेछ ।

(३) पशु बधस्थल/बधशाला सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।





कृषि तथा पशुपन्छी विकास कृषि अनुदान सम्बन्धी कार्यक्रमको नियमन तथा व्यवस्था गर्न बनेको विधेयक

**४२. दुग्ध उत्पादनको प्रशोधन र बजारीकरण**: (१) गाउँपालिकालाई दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि पशुपालक किसानलाई अनुदान तथा प्राविधिक सेवा लगायतका सहयोग उपलब्ध गराउन सकिनेछ ।

(२) गाउँपालिकाले पशुपालक किसानले उत्पादन दुधको प्रशोधन गरी मुल्य अभिबृद्धि गराउन दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादन सम्बन्धी उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथा सहजीकरण गर्न सक्नेछ ।

(३) गाउँपालिकाकाले भकारो सुधार, दाना, घाँस आहार, पानीका साथै पशुजन्य रोग नियन्त्रण तथा मानविय स्रोत सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद-९

## कृषि पर्यावरण र जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

**४३. सिंचाइका स्रोतहरुको संरक्षण**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक रुपमा जलाधार, पानीको मूहान, सिमसार, पोखरी, नदिनाला, परम्परागत कुला, बाँध, पैनी आदीको संरक्षण, मर्मत सम्भार र जोर्णोद्धार सिंचाइका लागि सञ्चालनमा ल्याउनुपर्नेछ ।

**४४. माटो परीक्षणको व्यवस्था**: (१) गाउँपालिका भित्र कृषि कार्यक्रम सञ्चालन गर्नका लागि तथा तुलनात्मक लाभका कृषि वस्तु उत्पादनका लागि कृषि पकेट क्षेत्र छुट्याउनुभन्दा पहिले माटो परीक्षण गर्नुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले सरकारी प्रयोगशाला वा सेवा प्रदायक संस्थाका प्रयोगशालाको उपयोग गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाउन सहयोग गर्न सक्नेछ ।

**४५. कृषि जैविक विविधता र वातावरण संरक्षण**: (१) गाउँपालिकाले कृषि क्षेत्रमा जलवायु अनुकुलन तथा उत्थानशिलतका लागि उपयुक्त प्रविधि र पर्यावरण, जलवायुमैत्री दिगो कृषि प्रणालीको विकास गर्न प्राथमिकता दिनुपर्नेछ ।

(२) गाउँपालिको कृषि क्षेत्रलाई प्रकोपबाट सुरक्षित राख्नका लागि स्थानीय अनुकुलन योजना र विपद् जोखिम योजना तर्जूमा गरी कार्यान्व्यन गर्नुपर्नेछ ।

(३) गाउँपालिकाे जलवायुजन्य जोखिम बहन गर्नसक्ने र प्राकृतिक पहिचान भएका बाली र बोटविरुवा, बनस्पती तथा बिउबिजनको अनुवंश, जीवको पहिचान र संरक्षणका लागि कार्ययोजना बनाई लागु गर्नुपर्नेछ ।

(४) कृषकहरुले कृषि कार्य गर्दा वातावरणलाई असर पर्ने कुनैपनि क्रियाकलाप गर्न पाइने छैन ।

**४६. कृषि पर्यापर्यटन**: (१) गाउँपालिकाले किसानलाई कृषि पर्यापर्यटन प्रवर्द्धन हुने गरी प्राकृतिक रुपमा कार्यसञ्चालन गर्न प्रोत्साहन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले कृषि पर्यापर्यटन प्रवर्द्धन गर्न आफ्नो क्षेत्रभित्र नुमना कृषि पर्यापर्यटन क्षेत्र घोषणा गर्न सक्नेछ ।

**४७. चरीचरन क्षेत्रको निर्धारण**: (१) पशुपन्छीको विकास र जैविक खेती प्रवर्द्धनका लागि उपलब्ध भएसम्म सार्वजनिक जमिन, बाँझो जमिन र खर्क जग्गालाई पशु चरीचरनका लागि ल्याउन गुराँस गाउँपालिकाले समन्वय तथा पहल गर्न सक्नेछ ।

**४८. हानीकारक बन्यजन्तुको व्यवस्थान**: (१) गाउँपालिकाले पानी पोखरी निर्माण, वन संरक्षण, वन्यजन्तुमैत्री फलफुलका विरुवाको संरक्षण र व्यवस्थापन गरी वन्यजन्तुहरुलाई बनमा नै बस्ने वातावरण मिलाउनुपर्नेछ ।

(२) वन्यजन्तुबाट हुने कृषि बाली तथा पशुधनको क्षती वापत् क्षतिपुर्ति उपलब्ध गराउनका लागि गुराँस गाउँपालिकाले वार्षिक रुपमा बजेट विनियोजन गर्नुपर्नेछ ।

**४९. दण्ड सजाय** : देहाय बमोजिमका र यस्तै प्रकृतिका कसुरको अनुसन्धान तथा तहकिकात, मुद्धा दर्ता र दण्ड सजाय सम्बन्धी उपभोक्ता उपभोक्ता संरक्षण, वातावरण संरक्षण र बिउविजन लगायतका प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछः-

(क) कृषिका लागि उपयोग हुने माटो तथा पानी प्रदुषण गर्ने,

(ख) शक्ति नभएका, फल दिन नसक्ने किसिमका सुचित नभएका र लेबल नभएका बिउ बिक्रि वितरण गरी किसानलाई हानी नोक्सानी पुऱ्याउने,

(ग) प्रतिबन्धित किटनाशक विषादी विक्रि वितरण गर्ने,







(घ) किसानलाई आपुर्ति गर्नुपर्ने मलखाद तथा बिउविजन र दाना लगायतका वस्तुको आपुर्तिमा कृत्रिम अभाव खडा गरी किसानलाई हानी नोक्सानी पुऱ्याउने,

(ङ) कृषि तथा दुग्ध र मासुजन्य उत्पादनमा मिसावट गरी गुणस्तर ह्रास गर्ने,

(च) गुणस्तरहिन कृषि सामाग्री आपुर्ति गर्ने ।

**५०. अधिकार प्रत्यायोजन गर्न सकिने**: (१) यस ऐन बमोजिम कार्यपालिकालाई अधिकार कुनै विषयगत समिति वा प्रमुखलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**५१. नियमावली, निर्देशिका, कार्यविधि बनाउन सकिने** : (१) यस ऐनमा गरिएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि गुराँस गाउँ कार्यपालिकाले आवश्यक नियमावली, नियम, निर्देशिका र कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

**५२. यसै बमोजिम भएको मानिने**:(१) कृषि तथा पशुपन्छीका विषयमा गाउँपालिकाबाट यसअघि कार्यविधि वा अन्य आधारमा भएगरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**५३. बाझिएमा स्वतः निश्कृय हुने** : (१) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्था संघीय कानून तथा प्रदेश कानूनसंग बाझिएको अवस्थामा बाझिएको हदसम्म यो ऐनमा रहेका व्यवस्था स्वतःनिष्कृय वा खारेज हुनेछ ।

आज्ञाले
**दिनेश दाहाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**